# संघीय संसद
# प्रतिनिधि सभा

पाँचौं अधिवेशन

बैठक संख्या - ६

## दैनिक कार्यसूची

२०७६ माघ १७ गते

**शुक्रबार**

बिहान ११:०० बजे

**कार्यव्यवस्था परामर्श समितिमा हेरफेर**

१. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १३ बमोजिम गठित कार्यव्यवस्था परामर्श समितिमा मा० सदस्यहरुको नाम हेरफेर गर्नुहुने ।

**समितिमा थप तथा हेरफेर**

२. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित विभिन्न समितिहरुमा मा० सदस्यहरुको नाम थप तथा हेरफेर गर्नुहुने ।

**सन्देशको जानकारी**

३. प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले "राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशको जानकारी गराउनु हुने ।

**सन्देश टेबुल**

४. "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६" र "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गरिने ।

**प्रतिवेदन पेश**

५. सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले :-

(क) "न्याय परिषद् र न्याय सेवा आयोगको आ.व. ०७५/०७६ को वार्षिक प्रतिवेदन" पेश गर्नुहुने ।
(ख) "लोक सेवा आयोगको आ.व. ०७५/०७६ को साठ्ठीऔं वार्षिक प्रतिवेदन" पेश गर्नुहुने ।
(ग) "राष्ट्रिय मानव अधिकार आयोगको आ.व. ०७५/०७६ को वार्षिक प्रतिवेदन" पेश गर्नुहुने ।
(घ) "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रथम वार्षिक प्रतिवेदन, २०७६" पेश गर्नुहुने ।
(ङ) "राष्ट्रिय समावेशी आयोगको आ.व. ०७५/०७६ को प्रथम वार्षिक प्रतिवेदन" पेश गर्नुहुने ।
(च) "मधेशी आयोगको आ.व. ०७५/०७६ को प्रथम वार्षिक प्रतिवेदन" पेश गर्नुहुने ।
(छ) "थारु आयोगको आ.व. ०७५/०७६ को वार्षिक प्रतिवेदन" पेश गर्नुहुने ।
(ज) "मुस्लिम आयोगको आ.व. ०७५/०७६ को प्रथम वार्षिक प्रतिवेदन" पेश गर्नुहुने ।

**शोक प्रस्ताव**

६. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुने :-

"प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा नेपाली काँग्रेसको तर्फबाट पाल्पा जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधि सभामा निर्वाचित सदस्य, नेपाली काँग्रेस पाल्पाको पूर्व पार्टी सभापति, प्रजातन्त्र एवं लोकतन्त्र स्थापनाका हरेक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका, सादा र सरल जीवन पद्धतिमा विश्वास गर्ने सर्वप्रिय नेता गम्भीरजंग कार्कीको ७४ वर्षको उमेरमा मिति २०७६ साल माघ ११ गते शनिबार काठमाडौं स्थित ग्राण्डी अस्पतालमा उपचारको क्रममा निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव